# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहूँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं./Ref. No.:- ०७७/०७८
च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६

मितिः २०७७/०७/२३

भिमाद नगरपालिका, तनहुँवाट मिति २०७७/०७/२३ मा जारी गरिएको अत्यन्त जरुरी सूचना ।

भिमाद नगरपालिकामा समुदाय स्तरमा कोरोना भाइरसको संक्रमण बढदै गएको र **यस कार्यालयमा कार्यरत कर्मचारीमा समेत कोरोना भाइरसको संक्रमण देखिएको हुँदा कन्ट्रयाक ट्रेसिङ गरी संक्रमणको पहिचान गर्नुपर्ने भएकोले मिति २०७७ साल कार्तिक २३ गते दिनको ३.०० वजे देखि मिति २०७७ साल कार्तिक २६ गते रातको १२.०० वजे सम्म भिमाद नगर कार्यपालिकाको कार्यालयवाट कोभिड -१९ संग सम्वन्धित स्वास्थ्य तथा सुरक्षा सम्वन्धी कार्यहरु वाहेक अन्य सम्पूर्ण सेवाहरु वन्द गर्ने** भनी यस कार्यालयको मिति २०७७/०७/२३ मा देहाय वमोजिम नगर प्रमुख स्तरीय निर्णय भएकोले सम्पूर्ण नगरवासीहरुमा यस नगर क्षेत्र भित्र देहाय वमोजिम गरी कोरोना भाइरसको संक्रमणवाट आफु पनि वच्दै अरुलाइ पनि वचाउन आ-आफ्नो तर्फवाट सहयोग एवं समन्वय गरिदिनुहुन हार्दिक अपिल गर्दछौं ।

- कोरोना भाइरसको संक्रमण देखिएका एवं संक्रमितहरु कन्ट्रयाकमा परेका सवै सरकारी/ गैरसरकारी / निजी संघसंस्थाहरु र पेशा व्यवसाय गर्ने पसलहरु एवं व्यक्तिका घरहरु कन्ट्रयाक ट्रेसिङ गरी पि.सि.आर.परीक्षणको नतिजा नआएसम्मका लागि मिति २०७७ साल कार्तिक २३ गतेदेखि पूर्णरुपमा वन्द गर्ने/गराउने,
- अनावश्यक भिडभाड नगर्ने, सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा मास्क लगाउने, नियमित रुपमा सावुन पानिले मिचिमिचि हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने,
- भिडभाड हुने किसिमका खेलकुद तथा साँस्कृतिक कार्यक्रमहरु नगर्ने/नगराउने,
- विदाको समयमा अनावश्यक घुमफिर नगर्ने एवं अत्यावश्यक काममा वाहेक घरवाट वाहिर ननिस्कने,
- कन्ट्रयाक ट्रेसिङमा परेका व्यक्तिहरु, भारत लगायत अन्य मुलुक एवं अत्याधिक संक्रमित क्षेत्रवाट यस नगरमा भित्रिने व्यक्तिहरु अनिवार्य रुपमा होम क्वारेन्टिमा वस्ने र पि.सि.आर परिक्षण गरेका व्यक्तिहरु परिक्षणको नतिजा नआए सम्म समुदायमा घुलमिल नहुने,
- सवैले तोकिएको जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्यरुपमा पालना गर्ने/गराउने ।

२०७७/७/२३

श्री पदमराज आचार्य
नि.प्रमुख प्रशासकीय अधिकृत

नि- प्रमुख प्रशासकीय अधिकृत